राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
मितिः २०८३/०२/१३ गते

राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी बेल्झुण्डी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

विषयः कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु तथा विविध सम्बन्धमा ।

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः २०८३/०२/११ गते

प्रस्तावहरुः

१. सामुदायिक विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धमा।

२. चालु आ.व.को योजना तथा कार्यक्रमको समिक्षा सम्बन्धमा।

३. विविध ।

निर्णय हुनु पर्ने व्यहोराः

१. राजपुर गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूको विद्यार्थी संख्या, भौगोलिक अवस्था, शैक्षिक गुणस्तर, शिक्षक दरबन्दीको अवस्था तथा शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले प्रचलित शिक्षा सम्बन्धी कानून, मापदण्ड तथा राजपुर गाउँपालिकाको सामुदायिक विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि,२०८३ को अधीनमा रही आवश्यक अध्ययन, स्थलगत अनुगमन तथा सरोकारवालासँग समन्वय गरी विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान प्रक्रिया अगाडि बढाउने प्रस्ताव पेश भएकोले उक्त प्रस्तावमाथि छलफल गरी निर्णय गर्नु पर्ने।

२. चालु आर्थिक वर्षमा गाउँसभाबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमहरूको कार्यान्वयन अवस्था, वित्तीय प्रगति तथा समग्र अवस्थाको समीक्षा गर्नु पर्ने ।

३. अन्य निर्णयहरु

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु:

१. राजपुर गाउँपालिकाको सामुदायिक विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धमा छलफल भयो। गाउँ शिक्षा समितिको प्रतिवेदन पेश नभएकाले विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान सम्बन्धमा प्रतिवेदन प्राप्त भए पश्चात सो अनुसार आगामी कार्यपालिका बैठकमा निर्णय गर्ने।

२. चालु आर्थिक वर्षमा गाउँसभाबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमहरूको कार्यान्वयन अवस्था, वित्तीय प्रगति तथा समग्र अवस्थाको विषयमा छलफल भयो। संघ तथा प्रदेशबाट प्राप्त हुने बजेटमा कमि हुने गरि परिपत्र भएकाले सोही अनुसार अत्यावश्यक र समयमै सम्पन्न गर्न सकिने प्रकृतिका योजना तथा कार्यक्रमको हकमा ढिलोमा जेठ २५ गतेसम्म सम्झौता गर्ने।

३. विविध

क) गाउँपालिका अन्तरगत वडा नं. १, ६ र ७ को नाका क्षेत्र जोड्ने सिमा सडक **जित बहादुर सिंजाली मार्ग** निर्माणका लागि लुम्बिनी प्रदेश सरकारसँग योजना माग गर्ने ।

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगादी, देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल